कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

नगर कार्यपालिकाको कार्यालय कोहलपुर नगरपालिका कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७८/०७९

मितिः- २०७९/०२/०५

## प्रेस विज्ञप्ती ।

आदरणीय कोहलपुर नगरबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु नेपालको नयाँ संबिधान जारी भए पछि बि.सं. २०७४ सालमा भएको स्थानीय तहको पहिलो निर्वाचनमा तपाईहरुको माया, स्नेह, साथ र सहयोगले कोहलपुर नगरपालिकाको नगर प्रमुखको पदमा निर्वाचित हुने अवसर प्राप्त भयो । यसका लागि तपाईहरु सबैमा हार्दिक आभार प्रकट गर्दछु । हामीले कार्यभार सम्हाल्दा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय संचालन गर्ने कार्यालय भवनको अभाव, स्पष्ट कानून, नीति तथा कार्यविधिको अभाव र कर्मचारीको व्यवस्थापन लगायत थुप्रै चुनौती तथा समस्याहरु हामी माझ रहेका थिए । ती चुनौती तथा समस्याहरुलाई समाधान गर्दै यस अवधी (२०७४ देखि २०७९ सम्म) नगर कार्यपालिकाको भवन, नगर सभाहल, सबै वडामा वडा कार्यालय र स्वास्थ्य संस्था भवन गरी सहज रुपमा सेवा प्रभाह, प्रयाप्त मात्रामा कर्मचारी एवं कार्यालय व्यवस्थापन गरिएको छ ।

नेपालको इतिहासमा पहिलो पटक स्थानीय तहलाई प्राप्त भएको विधायिकी, कार्यकारी र न्यायिक अधिकारलाई अधिकतम प्रयोग गर्दै नगरलाई विकास र समृद्धिको मार्गमा अगाडी बढाउन महत्वपूर्ण आधारशिला तयार गरेका छौंं। यस अवधिमा हामीले परिकल्पना नै नगरेको कोभिड– १९ रोगको महामारीको सामना गर्नु परेको थियो । हामीलाई प्राप्त भएको सीमित स्रोत र साधनबाट नगरको समग्र विकास र नगरवासीका असीमित चाहानाहरुलाई एकै पटक परिपुर्ती गर्न असम्भव प्रायः थियो नै । विकास भन्ने कुरा एकै अवधीमा नै सम्पन्न हुने कुरा होईन, यो त क्रमिक रुपमा हुँदै जाने कार्य हो । हामीलाई प्राप्त भएको सीमित स्रोत र साधनलाई अधिकतम् उपयोग गर्दै कोहलपुरको समग्र सुहार फेर्ने (गेम चेन्जर) ठुला योजनाहरु लामो दुरीको बसपार्क, कोहलपुर भ्यूटावर, आधुनिक बधशाला, रिङ्गरोड, २५ शैयाको बाल अस्पताल, १५ शैयाको आधारभूत अस्पताल, एक वडा एक सडक कालोपत्रे, कर्भडहल, सिकलसेल एनिमिया ल्याब, नगर कार्यपालिकाको प्रशासनिक भवन, चप्परगौडी देखि सल्यानको घुईयाबारी जोड्ने अन्तरप्रदेश सडक जस्ता योजनाहरु मध्ये केही निर्माणको अन्तिम चरण र केहि कार्यान्वयनको चरणमा रहेका छन् । जसले भावी दिनमा समृद्ध नगरपालिकाको आधार तयार गरेको छ । अब निर्वाचित भई आउनु हुने जनप्रतिनिधिहरुले यस कार्यमा थप काम गरी अगाडी बढ्नु हुनेछ भन्ने विश्वास लिएका छौं ।

अन्तमा यस पाँच वर्षीय कार्यकालमा मलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण कोहलपुर नगरबासी, सम्पूर्ण जनप्रतिनिधीहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधीहरु, नेपाल सरकार, प्रदेश सरकार, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु साथै विभिन्न अर्न्तराष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरका संघ संस्था, नागरिक समाज, पत्रकार मित्रहरु र सुरक्षा निकाय लगायत आम नगरबासीलाई अमुल्य साथ सहयोगका लागि पुनः हार्दिक आभार सहित धन्यबाद प्रकट गर्दछु ।

अन्त्यमा, कोहलपुर नगरबासीकै माझमा रही सम्पूर्ण नगरबासी र नगरको समग्र विकासका लागि सदैव सेवामा समर्पित रहिरहने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद ।

लूट बहादुर रावत
नगर प्रमुख